# होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

*(दोस्रो संशोधन सहित मिलाइएको)*

**प्रदेश सरकार**

**पर्यटन, वन तथा वातावरण मन्त्रालय**

कोशी प्रदेश

विराटनगर, नेपाल

२०७७

# होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रदेश मन्त्रिपरिषद्‌वाट स्वीकृत मिति**

२०७७ श्रावण ०८

| संशोधन गर्ने कार्यविधि | संशोधन मिति |
| --- | --- |
| होमस्टे सञ्चालन तथा व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०७८ | २०७८।१२।२१ |
| होमस्टे सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७९ | २०७९।०५।३१ |

प्रदेश भित्र ग्रामीण तथा शहरी क्षेत्रमा बसोवास गर्ने स्थानीय जनसमुदायको संलग्नतामा स्वरोजगारका अवसर सिर्जना गरी जीवनस्तरमा सुधार गर्न, ग्रामीण अर्थतन्त्रमा योगदान पुऱ्याउन एवम् पर्यटनको दिगो विकास र प्रवर्द्धन गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभमा समुदायको पहुँच स्थापित गर्न होमस्टेको सञ्चालन एवम् व्यवस्थापन गरी स्थानीय समुदायलाई पर्यटन व्यवसायमा उन्मुख गराउन वाञ्छनीय भएकाले,

पर्यटन विकास ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"निजी होमस्टे"** भन्नाले ग्रामीण तथा शहरी क्षेत्रमा एकल रुपमा दर्ता गरी निजीस्तरमा सञ्चालित होमस्टेलाई सम्झनु पर्छ।

(ख) **"पाहुना"** भन्नाले होमस्टे भएको क्षेत्रमा बास बस्नेगरी वा छोटो अवधिका लागि घुम्न, मनोरञ्जन गर्न, अध्ययन अनुसन्धान गर्न आउने पर्यटक वा आगन्तुक वा अतिथि सम्झनु पर्छ ।

(ग) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(घ) **"फर्म"** भन्नाले होमस्टे सञ्चालनका लागि सामुहिक रुपमा व्यवस्थापन गर्ने गरी ▽...... प्रचलित फर्म दर्ता सम्वन्धी कानून बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनु पर्छ ।

♦(ङ) **"मन्त्रालय"** भन्नाले प्रदेशको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

•(च) **"सम्वन्धित कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतको पर्यटन कार्यालय सम्झनु पर्छ।

(छ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम गठन भएको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ।

♠(ज) **"सामुदायिक होमस्टे"** भन्नाले ग्रामीण तथा शहरी क्षेत्रमा कम्तीमा पाँचवटा र बढीमा पचास वटासम्म अलग अलग स्वामित्व भएका घरधनीले सामुहिक रुपमा व्यवस्थापन गर्ने गरी फर्म दर्ता गरी सञ्चालन गरेको होमस्टेलाई सम्झनु पर्छ।

(झ) **"स्थानीय तह"** भन्नाले होमस्टे सञ्चालन हुने महागरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

(ञ) **"होमस्टे"** भन्नाले पाहुनालाई मौलिक संस्कृति सहितको पारिवारिक वातावरणमा स्थानीय खानपान, वसोबास र अन्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापना हुने निजी तथा सामुदायिक होमस्टेलाई सम्झनुपर्छ । सो शब्दले फार्मस्टे वा टेम्पलस्टे वा जंगलस्टे वा टेन्टस्टे समेतलाई जनाउँछ ।

३. **दर्ता नगरी होमस्टे संचालन गर्न नहुनेः** (१) कसैले पनि दर्ता नगरी होमस्टे संचालन गर्न पाईने छैन ।

(२) होमस्टे संचालन गर्न चाहने व्यक्ति वा फर्मले यो कार्यविधि बमोजिम होमस्टे दर्ता गर्नु पर्नेछ ।

४. **दर्ताका लागि निवेदन दिनुपर्नेः** (१) होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा फर्मले अनुसूची-१ बमोजिमको ढाँचामा ®देहायका कागजात संलग्न गरी विद्युतीय माध्यम मार्फत वा सोझै सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछः

---

▽ प्रथम संशोधनबाट झिकिएको

♦ प्रथम संशोधनबाट संशोधित

• प्रथम संशोधनबाट संशोधित

♠ प्रथम संशोधनबाट संशोधित

(क) सम्वन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र,

(ख) जग्गा धनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा र अन्य स्थानीय वासीको हकमा भाडाको जग्गामा वा भाडाको घरमा सञ्चालन गर्ने भए कम्तिमा तीन वर्षको जग्गा वा घर भाडा सम्झौताको प्रतिलिपी,

(ग) शहरी क्षेत्रभित्र भएमा नक्सा पासको प्रतिलिपी,

(घ) घरजग्गा स्पष्ट रुपमा देखिने फोटो,

(ङ) होमस्टे सञ्चालकको दुई/दुई प्रति फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(च) फर्मको रुपमा दर्ता भई सामुदायिक होमस्टे सञ्चालन गर्नेको हकमा कम्तीमा पाँचजना घर धनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता पत्र, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र कार्य गर्न मञ्जुर भै साक्षीको रोहबरमा सही छाप भएको अनुसूची-९ बमोजिमको ढाँचाको विधान-२ प्रति।

(छ) आधारभूत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी,

(ज) प्रस्तावना पत्र (प्रस्तावनामा होमस्टे संचालनको उद्देश्य, स्थानीय उत्पादन, स्थानीय वसोवास तथा साँस्कृतिक विवरण, हेर्न सकिने प्राकृतिक, धार्मिक तथा अन्य आकर्षण, प्रमुख मार्गबाट पुग्ने मार्गको विवरण तथा दुरी, बिजुली तथा वैकल्पिक उर्जा, खानेपानी आपूर्ति, शान्ति सुरक्षाको अवस्था, उपलब्ध हुने सेवा तथा खानाको मेनुको विवरण, सम्पर्क नं लगायतका विवरण खुलेको हुनुपर्ने)

---

® प्रथम संशोधनबाट संशोधित

(२) यो कार्यविधि बमोजिम होमस्टे दर्ता गर्नको लागि व्यक्ति वा फर्मले अनुसूची-२ बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ ।

५. **होमस्टेको दर्ताः** (१) दफा ४ बमोजिम होमस्टे दर्ताको लागि निवेदन पर्न आएमा ♥सम्बन्धित कार्यालयले पन्ध्र दिनभित्र त्यस्तो निवेदनका साथ प्राप्त कागज प्रमाणको सम्बन्धमा स्थलगत अनुगमन गरी जाँचबुझ गर्नेछ।

♦(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा गरेको निवेदनको हकमा उपदफा (३) बमोजिमको दस्तुर लिई होमस्टे दर्ता गरी अनुसूची ३ को ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ र सो को जानकारी मन्त्रालयमा पठाउनुपर्नेछ।

Π(३) होमस्टे दर्ताको दस्तुर देहाय बमोजिम हुनेछः

(क) निजी होमस्टेको हकमा दुई हजार रुपैयाँ।

(ख) सामुदायिक होमस्टेको हकमा पाँच हजार रुपैयाँ।

♠(४) होमस्टे सञ्चालकले सम्बन्धित कार्यालयमा अनुसूची-९ बमोजिमको ढाँचामा विधान दर्ता गर्नु पर्नेछ।

≠(५) सम्बन्धित कार्यालयले उपदफा (४) बमोजिम दर्ता भएको विधानको एक प्रति होमस्टे सञ्चालकलाई उपलब्ध गराउनु पर्नेछ।

६. **होमस्टेको वर्गीकरणः** (१) अनुसूची-२ मा उल्लेखित मापदण्ड पूरा गरेका होमस्टेलाई संचालनमा संलग्न व्यक्तिका आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

**(क) सामुदायिक होमस्टेः-** कम्तिमा पाँच वटा ▽र बढीमा पचास वटासम्म घर धनीले दर्ता गरी व्यवस्थापन र संचालन गरेको होमस्टे।

---

♥ प्रथम संशोधनबाट संशोधित

♦ प्रथम संशोधनबाट संशोधित

Π प्रथम संशोधनबाट संशोधित

♠ प्रथम संशोधनबाट थप

≠ प्रथम संशोधनबाट थप

▽ प्रथम संशोधनबाट थप

**(ख) निजी होमस्टेः-** एकल रुपमा दर्ता गरी निजी स्तरमा संचालित होमस्टे ।

(२) उपदफा (१) बमोजिमको वर्गीकरण भित्र पर्ने गरी दर्ता भएका होमस्टे संचालकले नै होमस्टे रहेको मुख्य क्षेत्रभन्दा फरक स्थानमा रहेका फार्म, मठ मन्दिर, वन, जंगलको अध्ययन, अनुसन्धान तथा अवलोकनको लागि वसोवास, खानपिन लगायतका सम्पूर्ण व्यवस्थापकीय कार्य गर्ने गरी स्थानीय प्रशासनलाई जानकारी गराई देहाय बमोजिमका स्टेहरु संचालन गर्न सक्नेछन्

(क) फार्मस्टे

(ख) टेम्पलस्टे

(ग) जंगलस्टे

(घ) टेण्टस्टे

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि जंगलस्टे र टेण्टस्टे सञ्चालन गर्नका लागि होमस्टे सञ्चालकले अनुमति प्राप्त गर्न विवरण खुलाई सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा अनुमति दिने सम्वन्धित कार्यालयले आवश्यक जाँचबुझ गरि अनुमति जारी गर्न उपयुक्त देखेमा एकहजार रुपैयाँ दस्तुर लिई बढीमा नब्बे दिनको लागि अनुमति प्रदान गर्न सक्नेछ।

७. **<u>होमस्टे अद्यावधिक गर्नुपर्नेः</u>** (१) यो कार्यविधि प्रारम्भ हुनु अघि प्रदेशमा संचालित निजी तथा सामुदायिक होमस्टेले सम्वन्धित कार्यालयमा प्रदेश स्तरको होमस्टेको रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(२) होमस्टेको अद्यावधिक गर्न कार्यविधि प्रारम्भ भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालयले सार्वजनिक सूचना आह्वान गर्नेछ ।

(३) सार्वजनिक सूचना आह्वान भएको मितिले छ महिना भित्र निजी तथा सामुदायिक होमस्टे संचालकले यस कार्यविधिमा उल्लेख भएका कागजातसहित सम्वन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा सम्वन्धित कार्यालयले दफा ४ को उपदफा (१) बमोजिम जाँचबुझ गरी होमस्टेको अद्यावधिक गर्नेछ ।

(५) यस कार्यविधि बमोजिम अद्यावधिक भएका होमस्टेले यस कार्यविधिमा तोकिएको मापदण्ड र अन्य शर्त अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) मा तोकिएको अवधिमा अद्यावधिक नगर्ने होमस्टेलाई मन्त्रालयले होमस्टे संचालनमा रोक लगाउनेछ ।

८. **<u>होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने शर्तहरुः</u>** निजी तथा सामुदायिक होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने शर्त देहाय बमोजिम हुनेछः

(क) सुरक्षा निकाय सँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने तथा पर्यटक बिरामी भएमा स्थानीय स्वास्थ्य चौकी वा अस्पताल सँग समन्वय गरी उपचारको प्रबन्ध गर्नु पर्नेछ।

(ग) सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनु पर्नेछ।

(घ) होमस्टेको हिसाब श्रेस्ता हरेक वर्ष दर्तावाला लेखा परिक्षकद्वारा लेखापरीक्षण गराउने र पर्यटकको तथ्याङ्क अध्यावधिक गरी राख्नु पर्नेछ।

(ङ) प्रत्येक वर्ष प्रचलित कानून बमोजिम करचुक्ता गर्नु पर्नेछ ।

(च) प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका होमस्टेले होमस्टे संचालनको इजाजत पत्र, करचुक्ता प्रमाणपत्र र यस कार्यविधिमा तोकिएको अन्य कागजात सहित सम्वन्धित कार्यालयमा दर्ता अभिलेखिकरण गर्नु पर्नेछ ।

(छ) होमस्टेको वार्षिक प्रतिबेदन र आर्थिक प्रतिबेदन सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(ज) होमस्टेको मूल मर्म बिपरित वा होटेल लजको आकारमा होमस्टे चलाउन पाइने छैन ।

९. **<u>होमस्टेमा सञ्चालन हुने मुख्य पर्यटकीय क्रियाकलापः</u>** निजी तथा सामुदायिक होमस्टेले देहाय बमोजिमका क्रियाकलाप गर्न वा गराउन सक्नेछ :-

(क) स्थानीय रीतिरिवाज र प्रचलन अनुसार पर्यटक स्वागत,

(ख) पाहुनाको चाहनाअनुसार उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इकोट्रेक, कृषि फार्म अवलोकन, अध्ययन तथा सिकाइ केन्द्र, सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र, रमणीय क्षेत्रको दृश्यावलोकन, झरना, जंगल, वन्यजन्तु तथा चरा अवलोकन जस्ता पर्यटकीय क्रियाकलाप,

(ग) पर्यटकलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधीको आयोजना,

(घ) होमस्टेको होर्डिङ्गबोर्ड ,साइनबोर्ड, ब्रोसर, नक्सा, पोष्टर, सिडी जस्ता प्रचारप्रसारका सामग्रीको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा बिक्री जस्ता कृयाकलाप, पर्यटन सम्बन्धी स्थानीय कार्यालय तथा संस्था र स्थानीय तहले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सँग सहकार्य गरी होमस्टेको प्रचारप्रसार तथा बजारीकरण,

(ङ) होमस्टेमा बस्ने पर्यटकलाई गाउँघरमा उत्पादित स्थानीय मौलिक तथा प्राङ्गारिक (अर्गानिक) खाना खुवाउने,

(च) पर्यटकलाई होमस्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित पारिवारिक वातावरण दिने,

(छ) स्थानीय रीतिरिवाज/प्रचलन अनुसार स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो सहित पर्यटकलाई विदाई ▽गर्ने,

(ज) पर्यटक होमस्टेबाट बिदाई भएपछि एक पटक उनीहरु गन्तब्यमा पुगे नपुगेको जानकारी लिने।

१०. **होमस्टे संचालकको कर्तव्य र अनुशासनः** निजी तथा सामुदायिक होमस्टे संचालकले पालना गर्नुपर्ने कर्तव्य र अनुशासन देहाय बमोजिम हुनेछः-

(क) "अतिथि देवो भव" को रुपमा पाहुनालाई हृदयदेखी सत्कार गर्ने,

(ख) स्वच्छ, ताजा, स्वस्थ्यकर र अर्गानिक भोजन तथा खाजाले सत्कार गर्ने,

(ग) प्रचलित कानून तथा मापदण्डको पालना गर्ने,

(घ) पर्यटकको सुरक्षाको सुनिश्चितता गर्ने,

(ङ) मुस्कान सहितको सेवा प्रदान गर्ने,

(च) मर्यादित मनोरन्जनले पर्यटकलाई सन्तुष्टि दिने ।

११. **होमस्टेको अवधी र नवीकरणः** ♦(१) होमस्टेको अवधि एक वर्षको हुनेछ र त्यस्तो अवधि भुक्तान भएको दुई महिना भित्रमा नवीकरणको लागि मन्त्रालयसमक्ष दरखास्त दिनु पर्नेछ।

◊(१क) उपदफा (१) बमोजिम नवीकरणको लागि देहायको कागजात संलग्न गरी निजी होमस्टेको हकमा पाँचसय रुपैयाँ र सामुदायिक होमस्टेको हकमा प्रतिघर एकसय रुपैयाँका दरले हुन आउने एकमुष्ट रकम नवीकरण दस्तुर सहित विद्युतीय माध्यम मार्फत वा सोझै अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(क) अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन,

(ख) कर चुक्ता प्रमाणपत्र,

(ग) अनुसूची ५ बमोजिमको ढाँचामा वार्षिक प्रगती प्रतिवेदन र

(घ) सामुदायिक होमस्टेको हकमा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि।

---

▽ प्रथम संशोधनबाट थप

♦ दोस्रो संशोधनबाट संशोधित

◊ दोस्रो संशोधनबाट थप

⇓(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित कार्यालयले नवीकरण गरिदिनुपर्नेछ।

♦(३) उपदफा (१) बमोजिम तोकिएको म्याद भित्र नवीकरण हुन नसकेका होमस्टेले नवीकरण गर्न मन्त्रालयमा निवेदन दिएमा म्याद समाप्त भएपछिको ४ महिना भित्र नवीकरण दस्तुरको पचास प्रतिशत र त्यस पछिको छ महिना नवीकरण दस्तुरको शत प्रतिशत दस्तुर लिई नविकरण गर्न सकिनेछ।

↔(४) उपदफा (३) मा जुनसुकनै कुरा लेखिएको भएतापनि यस कार्यविधि बमोजिम दर्ता भई हालसम्म नवीकरण हुन नसकेका होमस्टेले नवीकरणको लागि सम्वत २०७९ साल फागुन मसान्त सम्ममा मन्त्रालयमा दरखास्त दिएमा नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई मन्त्रालयले सो आर्थिक वर्षको लागि नवीकरण गर्न सक्नेछ।

१२. **होमस्टेको नामसारीः** (१) यस कार्यविधि बमोजिम दर्ता र अभिलेखीकरण भएका होमस्टेको नामसारी गर्नु पर्ने भएमा देहायका कागजात संलग्न गरी ▿विद्युतीय माध्यम मार्फत वा सोझै सम्बन्धित कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालक समितिको सिफारिस तथा निजी होमस्टेको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गाधनी प्रमाण पूर्जा वा पैत्रिक सम्पत्ति यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको जग्गा वा घर भए सोको सम्झौताको प्रतिलिपी र शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपी,

(ग) होमस्टे नामसारी दिने तथा लिने दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

⇓ प्रथम संशोधनबाट संशोधित

♦ दोस्रो संशोधनबाट संशोधित

↔ दोस्रो संशोधनबाट संशोधित

▿ प्रथम संशोधनबाट सशोधित

(घ) होमस्टे नामसारी दिने तथा लिने वीच नामसारीको लागि भएको सम्झौता,

(ङ) होमस्टेको लेखा परीक्षण प्रतिवेदन,

(च) होमस्टे दर्ताको प्रमाणपत्र ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा संलग्न कागजातहरु जाँचबुझ गरी होमस्टे नामसारी दिने र लिने दुवैलाई संलग्न गराई सम्वन्धित कार्यालयले नामसारी गरिदिने छ ।

(३) यस कार्यविधि वमोजिम होमस्टे नामसारी गर्दा सामुदायिक होमस्टेको संचालकले गरेको लगानी र प्रतिफल प्रदेशको प्रचलित फर्म दर्ता सम्वन्धी कानून बमोजिम हुनेछ ।

**१३.** <u>**होमस्टेको दर्ता खारेजः**</u> (१) यस कार्यविधि विपरित होमस्टे संचालन गरेको पाइएमा वा होमस्टे सञ्चालनको भावना विपरित होटलको आधुनिक संरचना निर्माण गरी होमस्टे संचालन गरेमा सम्वन्धित कार्यालयले त्यस्तो होमस्टेको दर्ता खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम होमस्टेको दर्ता खारेज गर्नुअघि सम्वन्धित होमस्टे संचालकलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा सम्वन्धित कार्यालयले होमस्टेको दर्ता खारेज गर्नेछ ।

(४) यस दफा बमोजिम होमस्टे खारेज भए पनि होमस्टेले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने वाँकी वक्यौताबाट उन्मुक्ति पाउने छैन।

♦<u>(५) यस कार्यविधि बमोजिम दर्ता भएको कुनै होमस्टे स्वेच्छाले बन्द गर्न चाहेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित तिर्नु बुझाउनु पर्ने राजस्व जम्मा गरी बन्द गर्नु पर्ने कारण खुलाई मन्त्रालयमा निवेदन दिनु पर्नेछ।</u>

⇓<u>(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा मन्त्रालयले उक्त होमस्टेले दाखिला गर्नुपर्ने राजस्व दाखिला गरे नगरेको एकिन गरी दाखिला गर्न बाँकी रहेछ भने दाखिला गर्न लगाई होमस्टे बन्द गरी सो को अभिलेख अद्यावधिक गर्नुपर्नेछ।</u>

♦ दोस्रो संशोधनबाट थप

⇓ दोस्रो संशोधनबाट थप

१४. **<u>होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिः</u>** (१) सामुदायिक होमस्टे सञ्चालन गर्नका लागि सञ्चालकले साधारणसभा वा भेला गरी अनिवार्य दुई जना महिला पदाधिकारी रहने गरी देहाय बमोजिमको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नु पर्नेछः

(क) सामुदायिक होमस्टे संचालक मध्येबाट एकजना – अध्यक्ष

(ख) सामुदायिक होमस्टे संचालक मध्येबाट एकजना – उपाध्यक्ष

(ग) सामुदायिक होमस्टे संचालक मध्येबाट एकजना – कोषाध्यक्ष

(घ) सामुदायिक होमस्टे संचालक मध्येबाट एकजना – सदस्य

(ङ) सामुदायिक होमस्टे संचालक मध्येबाट एकजना – सदस्य-सचिव

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी संचालक समितिले बढिमा छ जना सदस्यको चयन गर्न सक्नेछ। यसरी थपिने सदस्यमा महिलाको संख्या चालिस प्रतिशत हुनुपर्नेछ।

(३) होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पर्यटकीय क्रियाकलाप पर्यटक र संचालकले पालना गर्नु पर्ने आचारसंहिताको बारेमा जानकारी गराउने।

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने,

(ग) पाहुनाको दर्ता तथा रेकर्डको व्यवस्था गर्ने,

(घ) आयव्ययको श्रेस्ता व्यवस्थित दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टे क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने,

(च) स्थानीय पर्यटन प्याकेजको निर्माण र प्रचारप्रसार गर्ने,

(छ) स्थानीय प्रविधी ,ज्ञान, सीप ,वातावरण, परम्परा, शैली ,भेषभूषा, कला तथा संस्कृतिको खोजी तथा संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमको प्रदर्शन/व्यवस्थापन गर्ने,

(झ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाको व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होमस्टे जाने पथ चिन्ह (**sign post**) तथा स्थानीय नक्शा (लोकेसन म्याप) तयार गरी आवश्यक स्थानमा राख्ने,

(ट) पाहुना आवासगृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने साथै प्रत्येक होमस्टे संचालकको घरमा अनुसूचि-७ बमोजिमको बोर्ड राख्नुपर्ने ।

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको तिन महिना भित्र पाहुना संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन सम्वन्धित कार्यालयमा पठाउनुपर्ने,

(ड) स्थानीय होमस्टे समन्वय समिति र मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने,

(ढ) अनुसूची-८ बमोजिमको आचार संहिता सम्बन्धी सूचना पाहुनाले देख्ने स्थानमा राख्नुपर्ने,

(ण) होमस्टे विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गर्ने,

(त) ♠.......

(थ) बिभिन्न निकायको समन्वयमा होमस्टे, पथप्रदर्शक, फोहरमैला व्यवस्थापन जस्ता तालिमको आयोजना गर्ने,

(द) होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्य गर्ने।

**१५.** **स्थानीय होमस्टे समन्वय समितिः** (१) सम्बन्धित स्थानीय तहले होमस्टेको माध्यमबाट पर्यटन विकास, प्रवर्द्धन र समन्वय गर्नका लागि देहाय बमोजिमको एक होमस्टे समन्वय समितिको गठन गर्नेछः-

---

♠ प्रथम संशोधनबाट झिकिएको

(क) सम्वन्धित स्थानीय तहका प्रमुख वा निजले तोकेको प्रतिनिधी -संयोजक

(ख) सम्वन्धित स्थानीय तहका सामुदायिक होमस्टे संचालक मध्येबाट स्थानीय कार्यपालिकाले तोकेका कम्तिमा एकजना महिला सहित तीन जना -सदस्य

(ग) सम्वन्धित स्थानीय तहको सामाजिक विकास महाशाखाका प्रमुख वा प्रतिनिधि -सदस्य सचिव

(२) स्थानीय होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो स्थानीय तहमा भएका होमस्टे व्यवस्थापन समिति बीच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(घ) सम्भाव्य पर्यटकीय सम्पदाको विवरण तयार गर्ने,

(ङ) पर्यटकको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने,

(च) आफ्नो स्थानीय तहमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख ब्यवस्थित गर्ने,

(छ) होमस्टेको सेवामा गुणस्तरता कायम गर्न सहजीकरण गर्ने,

(ज) होमस्टे संचालकहरुले पालना गर्नुपर्ने आचरण र अनुशासनको अनुगमन गर्ने।

(झ) सम्वन्धित कार्यालयसँग समन्वय गरी अन्य आवश्यक कार्य गर्ने।

१६. **<u>होमस्टे एशोसिएसनः</u>** होमस्टे सम्बन्धी नीति निर्माण व्यवस्थापन तथा होमस्टे संचालन मापदण्डमा एकरुपता तथा अनुगमन कार्यमा प्रदेश सरकारलाई सहयोग पुऱ्याउन होमस्टे संचालकबाट प्रदेश स्तरीय होमस्टे एशोसिएसन गठन गर्न सकिनेछ।

१७. **कर तिर्नुपर्ने:** (१) होमस्टे संचालकको खुद मुनाफा रकमको प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर प्रदेश सरकारलाई बुझाउनु पर्नेछ ।

(२) होमस्टे संचालकले आफूले प्राप्त गरेको आम्दानीको लेखा प्रचलित कानून बमोजिम राखी प्रचलित कानून बमोजिम सोको लेखापरीक्षण गराउनु पर्नेछ ।

१८. **अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था:** (१) मन्त्रालय वा सम्वन्धित कार्यालयले आवश्यकता अनुसार समय समयमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिका कार्य तथा प्रत्येक होमस्टेको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) मन्त्रालय वा सम्वन्धित कार्यालयबाट हुने अनुगमन तथा निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई छ महिना अवधी तोकी मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र पनि मापदण्ड पुरा गर्न नसकेमा सम्वन्धित कार्यालयले त्यस्तो होमस्टेलाई निलम्वन वा खारेज गर्न सक्नेछ।

(४) स्वीकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्यसम्पन्न भएपछि मन्त्रालय वा सम्वन्धित कार्यालयबाट अनुगमन तथा निरीक्षणको काम हुनेछ।

(५) कुनै होमस्टे संचालकले मापदण्ड पालना नगरेको भनी गुनासो आएमा मन्त्रालयबाट कुनै पनि समयमा निरीक्षण गरी आवश्यक निर्देशन गर्न सक्नेछ र सो निर्देशनको पालना गर्नु होमस्टे संचालकको कर्तब्य हुनेछ।

(६) पर्यटकीय गतिविधिमा असर पर्ने गरी गैर कानुनी काम (ठगी, चोरी, महिला हिंसा र अमानबीय व्यवहार, वन्यजन्तुको शिकार, वनपैदावरको अबैध कारोबार,आखेटोपाहरको बिक्रि बितरण) गरेको भनी कुनै पर्यटक  तथा स्थानीय जनता बाट निवेदन पर्न आई त्यस्तो अपराध कसुर भएको प्रमाणित भएमा वा  होमस्टेमा प्रचलित कानूनले निषेध गरेका कार्य गरेको पाईएमा त्यस्तो निजी होमस्टे वा सामुदायिक होमस्टेको सदस्यलाई पुनःहोमस्टे सञ्चालन गर्न नपाउने गरी निजको दर्ता खारेज गरी त्यस्ता होमस्टे संचालकलाई प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्वन्धित निकायमा लेखि पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम खारेजी गर्नुपूर्व सफाईको लागि मनासिव मौका दिनुपर्नेछ ।

१९. **प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) संचालनमा रहेका होमस्टेले सम्वन्धित कार्यालयमा बुझाएको प्रतिवेदनका आधारमा सम्वन्धित कार्यालयले सोको प्रतिवेदन चौमासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) सम्वन्धित कार्यालयले अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२०. **विदेशी मुद्राको कारोवार गर्न स्वीकृति लिनुपर्ने:** होमस्टे सञ्चालन गर्ने संचालकले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ।

२१. **विमा गराउने जिम्मेवारी:** होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको बीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ। व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा बीमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ।

२२. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थप घट गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>होमस्टे दर्ताका लागि दिइने निवेदन</u>

श्री................................. कार्यालय

................................................।

म/हामीहरुले................................वडानं.........टोल/गाउँ...............................
...मा सञ्चालन गर्न लागेको..........................................होमस्टेलाई प्रदेश नं. १, प्रदेश पर्यटन विकास ऐन, २०७६ र होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौं।

होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रही ......... होमस्टे विधान बमोजिम आफ्नो होमस्टे सञ्चालन गर्नेछौं।

<u>संलग्न कागजात:</u>

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

होमस्टे यूनिटहरु ( दर्ता हुने व्यक्तिहरुको) विवरण।

| क.सं. | संचालकको नामथर | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ... | | |

<u>नोट:</u> सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको अध्यक्ष वा अख्तियारी दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ।

निवेदकको नामथर:............................

ठेगाना:.....................................

मिति: ...............................

सम्पर्क नं.

## अनुसूची -२

(दफा ४ को उपदफा (२) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

१. होमस्टेका लागि घर, कोठा र शैयाः

(क) सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्किने र हावाहुरी, वन्यजन्तु आदि बाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो र हित सफासुग्घर हुनुपर्नेछ।

(ख) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनुपर्ने र बढीमा चार  कोठा र आठ वेड मात्र राख्न पाईने र कोठाको उचाइ कम्तिमा आठ फिटको हुनुपर्नेछ।

(ग) एउटा कोठामा बढीमा दुइ वटा मात्र ओछ्यान रहनुपर्नेछ।ओछ्यान कम्तीमा छ दशमलब पाँच फिट लम्बाई र तिन फिट चौडाईको हुनुपर्नेछ।

(घ) भुईमा कार्पेट वा गुन्द्री ओछ्याएको हुनुपर्नेछ।

(ङ) ढोकामा खुट्टा पुछने बोरा वाडो र म्याट भएको हुनुपर्नेछ।

(च) नरमखालको सेतो तन्ना भएको र सेतो खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ।

(छ) भित्तामा वा ढोकाको पछाडि पट्टि लुगा झुण्डयाउने व्यवस्था भएको हुनुपर्नेछ।

(ज) कोठामा विजुलीबत्ती वा लाल्टिन वा मैन वा टुकी पानस वाल्ने व्यवस्था हुनु पर्नेछ।

(झ) सुत्ने कोठामा धुवाँ आउने हुनुहुदैन साथै भान्सा कोठा र भऱ्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनुहुदैन।

(ञ) सुत्ने कोठामा सुन्दर दृश्यहरु र स्थानीय संस्कृति झल्कने तस्विरहरु भए मा राम्रो हुनेछ।

(ट) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्नेछ।

(ठ) प्रत्येक पाहुनाका लागि एक जोर चप्पलको व्यवस्था हुनुपर्नेछ।

(ड) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ।

(ढ) सुत्ने कोठामा चिया टेवुलको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(ण) सम्भव भए सम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ।

(त) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ।

(थ) घर वरपर फूलहरु रोपेर सुन्दर वातावरण बनाउनु पर्दछ।

(द) पर्यटकले पालना गर्नुपर्ने अनुसूची-७ बमोजिमका आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नुपर्नेछ र सो आचारसंहिताको वारे मा पाहुनालाई शुरुमै जानकारी दिनुपर्नेछ।

(ध) सञ्चारका न्युनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएमा उपयुक्त हुने ।

(न) कोशेली घर व्यवस्थापनको लागि आवश्यक कक्ष हुनुपर्ने,

(प) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/ सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन।

२. <u>शौचालय र स्नानघर:</u>

(क) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने,

(ख) सुविधायुक्त, अपाङ्ग तथा बाल मैत्री र सफा शौचालय हुनुपर्नेछ।

(ग) होमस्टे सञ्चालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नानघरको व्यवस्था मिलाउनुपर्नेछ।

(घ) स्नानघरमा पानीको बाल्टी, मग ,सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनुपर्नेछ।

३. <u>भान्छा कोठा र खाना खाने व्यवस्था:</u>

(क) पाहुना राख्नेघर / कोठा नजिक गाई भैसी अथवा भेडा बाख्रा, सुगुँर ,कुखुरा आदि बाध्न वा पाल्न पाइने छैन।

(ख) धेरै धुवाँ नहुने भान्छा (उन्नत वा सुधारिएको चुलो) भएको हुनुपर्नेछ।बायोग्यास वा गोबरग्यासको उपयोगलाई प्रथमिकता दिनुपर्नेछ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खाने पानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनुपर्नेछ।

(ङ) सानो तथा मौलिक खालको डाइनिङ्ग टेबलको प्रबन्ध भए राम्रो हुनेछ।

(च) खानाको परिकारको सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने,

४. <u>स्वास्थ्य, सरसफाई तथा सुरक्षाः</u>

(क) वास वस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनुपर्नेछ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल नभएको हुनुपर्नेछ।

(ग) वातावरणमैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र बृक्षारोपण गरी हरियाली हुनुपर्नेछ।

(घ) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्नेछ र फोहरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहोरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्नेछ,

(ङ) होमस्टे वरपर फुलवारीको व्यवस्था गरेको हुनुपर्दछ।

## अनुसूची- ३ (क)

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>सामुदायिक होमस्टे सञ्चालन प्रमाणपत्र</u>

............................................ कार्यालय

..................................

दर्ता नं.:..................

मितिः............................

...........................................................................लाई होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ मा व्यवस्था भए अनुसार सामुदायिक होमस्टेका रुपमा दर्ता/नवीकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१) सदस्यको नामः

२) ठेगानाः

३) मान्य अवधिः

**HOMESTAY OPERATION CERTIFICATE**

.............................................Office

..................................

RegdNo:..................

Date:............................

.......................................................................Homestay is registered/renewed as a Community Homestay under Homestay Operation and Management Procedure, 2077.

1. Name of the owner:
2. Address of theowner:
3. Valid up to:

<u>शर्तहरु</u>

- व्यवस्थापन तथा सञ्चालन समिति सँग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नु पर्नेछ।
- चलनचल्तीको वा निर्धारित मूल्य भन्दा बढी मूल्य लिनु हुदैन।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन। यो प्रमाणपत्र सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।

- व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।
- यो प्रमाणपत्र तीन वर्षमा नवीकरण गराउनु पर्नेछ।

अनुमति पत्र प्रदान गर्ने अधिकृतको

नामः

दर्जाः

दस्तखतः

मितिः

## अनुसूची -३ (ख)
## दफा ५ को उपदफा (२) सँग सम्बन्धित

निजी होमस्टे सञ्चालन प्रमाणपत्र

फोटो

........................................... कार्यालय

.................................

दर्ता नं.:..................

मितिः............................

........................................................................लाई होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ मा व्यवस्था भएअनुसार निजी होमस्टेका रुपमा दर्ता/नवी करण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१) सदस्यको नामः

२) ठेगानाः

३) मान्य अवधिः

**HOMESTAY OPERATION CERTIFICATE**

...........................................Office

.................................

Regd No:..................

Date:............................

......................................................................Homestay is registered/renewed as a Private Homestay under Homestay Operation and Management Procedure, 2077.

1.Name of the owner:
2.Address of the owner:
3.Validupto:

शर्तहरु

- व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्नेछ।
- चलनचल्तीको वा निर्धारित मूल्य भन्दा बढी मूल्य लिनुहुदैन।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनुहुदैन।यो प्रमाणपत्र सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।

- व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनुपर्नेछ।
- यो प्रमाणपत्र तीन वर्षमा नवीकरण गराउनु पर्नेछ ।

<u>अनुमति पत्र प्रदान गर्ने अधिकृतको</u>

नामः

दर्जाः

दस्तखतः

मितिः

## अनुसूची - ४
## ♦(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

होमस्टे नवीकरणका लागि दिइने निवेदन

मितिः२०   /   /

विषयः होमस्टे नवीकरण गरीदिनुहुन।

श्री ....................................................................

..........................................................................

प्रदेश नं १, .......................।

महोदय,

मेरो/हाम्रो नाममा रहेको...........................................................................नामको होमस्टे दर्ता नं................ को नवीकरण गरी दिनुहुन अनुरोध गर्दछु ।नवीकरणका लागि आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न छ ।

निवदेकः
होमस्टे संचालकको
नाम/थर............
दस्तखतः............

♦ प्रथम संशोधनबाट संशोधित

## अनुसूची - ५

(दफा ११ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

आ.व.......................................................को वार्षिक प्रगति प्रतिवेदन

श्री......................................................

............................................................।

होमस्टेको नामः.............................................................................................................

स्थानः.......................जिल्लाः....................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.......................................टोलः................

सामुदायिक होमस्टे भए आवद्ध संख्याः....................... दर्ता मितिः...............................

१. पर्यटक आवागमन संख्या र आय विवरणः

| सि.नं. | महिना | पर्यटकसंख्या | प्रमुख क्रियाकलाप* | प्रमुख मुलुकहरु | मासिक आय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| जम्मा | | | | | | |

*(खानपान, बास, दृश्यावलोकन, हाईकिङ्ग, साँस्कतिक कार्यक्रम, परम्परागत खेलमा सहभागी गराउने, जंगलट्रेक, फार्मस्टे, टेम्पलस्टे, जंगलस्टे, टेन्टस्टे, ईकोट्रेक ईत्यादी।)

२. होमस्टे मार्फत पुऱ्याईएको सेवा सूविधाः.............................................................................

३. प्रचार प्रसार गराईएको विवरणः.................................................................................

४. आयव्ययको वार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरण

निवेदक;

नामथरः.......................................  फ्याक्सः.......................................

पदः.......................................  टेलिफोनः.......................................

ठेगानाः.......................................  ईमेलः.......................................

मितिः.......................................  वेभसाईटः.......................................

## अनुसूची - ६

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

<u>होमस्टे नामसारीका लागि दिइने निवेदन</u>

श्री................................ कार्यालय

...............................................।

म ................................वडा नं.........टोल/गाउँ.................................मा सामुदायिक/निजी होमस्टेको रुपमा सञ्चालनमा रहेको ........................................होमस्टे खरीद गरी सामुदायिक/निजी होमस्टेको रुपमा सञ्चालन गर्न इच्छुक रहेको हुँदा तपशीलमा उल्लेख भएको कागजात संलग्न गरी नामसारीका लागि यो निवेदन पेश गरेको छु।

होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रही आफ्नो होमस्टे सञ्चालन गर्नेछु।

<u>संलग्न कागजात:</u>

(क) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालक समितिको सिफारिस तथा निजी होमस्टेको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गाधनी प्रमाण पूर्जा वा पैत्रिक सम्पत्ति यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको जग्गा वा घर भए सोको सम्झौताको प्रतिलिपी र शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपी,

(ग) होमस्टे नामसारी दिने तथा लिने दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(घ) होमस्टे नामसारी दिने तथा लिनेवीच नामसारीको लागि भएको सम्झौता,

(ङ) होमस्टेको लेखा परीक्षण प्रतिवेदन,

(च) होमस्टे दर्ताको प्रमाणपत्र ।

निवेदकको नामथरः............................

ठेगानाः....................................

मितिः ...............................

सम्पर्क नं.

## अनुसूची -७

(दफा १४ को उपदफा (३) को खण्ड (ट) सँग सम्बन्धित)

<u>होमस्टे संचालकले राख्नुपर्ने बोर्डको ढाँचा</u>

होमस्टेको नाम:

सञ्चालकको नामः

ठेगानाः

दर्ता नं.:

फोन नं.:

इ-मेलः

## अनुसूची -८

(दफा १४ को उपदफा (३) को खण्ड (ढ) सँग सम्बन्धित)

<u>Code of Conduct for the Visitors (आचारसंहिता)</u>

*The homeStay visitors are expected to abide the following points:*

पर्यटकहरूले निम्नलिखित आचारसंहिताको पालना गर्नुपर्नेछ ।

1. Do not pressure the owner for food, beverage and facilities not available at homestay. (होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेयपदार्थ र सुविधाबारे संचालकलाई दबाव दिन नपाइने)।
2. Donotdisturbpeopleathomeoroutside (होमस्टे र छिमेकीलाई असर पर्नेगरी होहल्ला गर्न पाइने छैन)।
3. Do not demand anything beyond homestay's capacity. (होमस्टे संचालकको क्षमता बाहिरको सेवा सुविधामा गर्न पाइने छैन)।
4. Beware of doing any behavior (such as sexual activities or sexual harassment) which is impermissible to the local socio-cultural values (सामाजिक मूल्य मान्यता, धर्मसंस्कृतिको हिसावले नपच्ने ब्यवहार, गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन)।
5. Respect the people and address them in respectful language(होमस्टे संचालक परिवार र स्थानीयलाई आदर गर्नुपर्ने र उपयुक्त आदरार्थी शब्दले सम्बोधन गर्नुपर्नेछ)।
6. Respect to the rites and rituals of the local people; wear such clothes that are permissible to the community (स्थानीय समुदायको रितिरिवाजलाई सम्मान गर्नुपर्नेछ र समुदायमा सहज हुने कपडाहरू लगाउनु पर्नेछ)।
7. Do not impress the owner or other people for doing immoral or illegal activities; respect to the household routine for entrance and exit .(अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दवाव दिनहुँदैन)।
8. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.(कुनै प्रकारका लठ्याउने प्रकारका लागुपदार्थहरू प्रयोग गर्न र विक्रिवितरण तथा ओसारपसार गर्न सख्त मनाही छ)।
9. Do no harm to the biodiversity and ecology of the environment.(जैविक विविधता र वातावरणीय परिस्थितिलाई कुनै हानी नोक्सानी पुऱ्याउनु हुँदैन)।
10. Carrying weapons (e.g.,Gun,Explosive materials) are strictly prohibited(हातहतियार जस्तै बन्दुक, बिस्फोटक पदार्थ बोक्न सख्त मनाही छ)।

## अनुसूची -९

(दफा ४ को उपदफा (१) को खण्ड (च) र दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

**विधानको ढाँचा**

**............... कार्यालय समक्ष पेश गरिएको**

**.................................. को विधान ............**

## परिच्छेद-१

**प्रारम्भिक**

१. **होमस्टेको नामः**

**(क) होमस्टेको कार्यालय रहने ठेगानाः**

**(ख) होमस्टेको कार्यक्षेत्रः**

**(ग) प्रारम्भः**

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) **"विधान"** भन्नाले ................................. लाई सम्झनुपर्छ ।

(ख) **"होमस्टे"** भन्नाले ..............................लाई सम्झनुपर्छ ।

(ग) **"समिति"** भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई सम्झनुपर्छ ।

(घ) **"सभा"** भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई सम्झनुपर्छ ।

(ङ) **"पदाधिकारी"** भन्नाले फर्मका पदाधिकारीलाई सम्झनुपर्छ ।

(च) **"नियम विनियम"** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई सम्झनुपर्छ ।

(छ) **"कार्यालय प्रमुख"** भन्नाले ....................... कार्यालयको प्रमुखलाई सम्झनुपर्छ ।

(ज) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(झ) **"कार्यालय"** भन्नाले ................................... कार्यालय सम्झनुपर्छ ।

(ञ) **"होमस्टे इकाई"** भन्नाले फर्ममा आवद्ध भई होमस्टे संचालन गर्न व्यवस्थापन समिति अन्तर्गत

रहेका प्रत्येक घर सम्झनुपर्छ ।

(ट) **"होमस्टे क्षेत्र"** भन्नाले साधारण सभा वा व्यवस्थापन समितिले निर्णय गरी तोकेको, वढाएको वा घटाएको चार किल्ला तोकेको क्षेत्र सम्झनुपर्छ ।

३. संस्थाको छापः

## परिच्छेद- २

## उद्देश्य तथा कार्यहरु

४. उद्देश्यः

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामः

## परिच्छेद-३

## सदस्यता

६. साधारण सदस्यः

७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यताः

८. सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्थाः

९. सदस्यताको समाप्तिः

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः

## परिच्छेद-४

## साधारण सभा, कार्य समिति

११. साधारण सभाको गठनः

१२. साधारण सभाको काम, कर्तब्य र अधिकारः

१३. संचालन तथा व्यवस्थापन समितिको गठनः

१४. संचालन तथा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः

१५. पद त्याग गर्न सक्नेः

१६. अन्य समितिहरुः

१७. पदाधिकारीको काम, कर्तब्य र अधिकारः

१८. गणपूरक संख्याः

## परिच्छेद-५

## आर्थिक व्यवस्था

१९. संस्थाको कोषः

२०. खाता संचालनः

२१. <u>होमस्टेको रकम खर्च गर्ने तरिकाः</u>

२२. <u>होमस्टेको लेखा र लेखापरीक्षणः</u>

२३. <u>निर्वाचन सम्वन्धी व्यवस्थाः</u>

२४. <u>उम्मेद्वार हुन योग्यताः</u>

२५. <u>अविश्वासको प्रस्तावः</u>

२६. <u>विधान संशोधनः</u>

२७. <u>विनियम वनाउन सक्नेः</u>

२८. <u>कर्मचारीको व्यवस्थाः</u>

२९. <u>संस्थाको विघटनः</u>

३०. <u>व्याख्याः</u>

३१. <u>गोप्यता भंग गर्न नहुनेः</u>

३२. <u>विधान अनुसार हुनेः</u>

३३. <u>निर्देशनको पालनाः</u>

३४. <u>तदर्थ समितिः</u>